# केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालयद्वारा तीन वटा विधामा पुरस्कार प्रदान




पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, पशुउत्पादन निर्देशनालय अर्न्तगत रहेको **केन्द्रीय गाई भैसी प्रवर्द्धन कार्यालयद्वारा** विश्व खाद्यदिवस २०७३ को अवसरमा कृषकहरुलाई पुरसकार तथा प्रमाण पत्रबाट सम्मान गरेको छ। २०७३ कार्तिक २६ गते पशु सेवा विभागमा एक समारोहको आयोजना गरी कृषकहरुलाई पुरस्कृत गरिएको हो। उक्त समारोह पशु उत्पादन निर्देशनालयका कार्यक्रम निर्देशक श्री केशव अच्छमी ज्यू को अध्यक्षता र पशु सेवा विभागका उप महा निर्देशक डा. किसान चन्द ठकुरी ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रम संचालन पशु विकास अधिकृत बासुदेव नाथ ले गर्नु भएको थियो। सहभागीहरुलाई स्वागत गर्दे कार्यक्रमको बारेमा वरिष्ठ पशु विकास अधिकृत डा. रेशम राज ज्ञवाली ले जानकारी दिनु भएको थियो।

पशुपन्छी विकास मन्त्रालयको ४० बुँदे प्रतिवद्धता तथा आ.व ०७३/७४मा नेपाल सरकारको बजेट वक्तव्यमा एक वर्षभित्र अण्डामा, दुई वर्षभित्र मासुमा र तीन वर्ष भित्रदूधमा आत्मनिर्भर गर्ने घोषणा भएको छ। गाई पालनबाट दूध र भैसी पालनबाट दूध र मासुमा आत्मनिर्भरको लागि आधार स्तम्भको रुपमा रहेको छ। यसै अनुरुप नेपाल सरकारले लिएको दूध र मासुमा आत्मनिर्भरमा सहयोग पुग्ने कार्यक्रमहरु क्रमशः उन्नत गाईभैसी स्रोतकेन्द्र संचालन, उत्पादनशिल वकेर्नो/थारा भैसी संरक्षण केन्द्र संचालन र मासुका लागि पाडा हुर्काउने केन्द्र संचालन विधामा आ.व.०७३/७४ को स्वीकृत कार्यक्रम अनुसार पुरस्कृत गरिएको छ। प्रथम हुने साझेदार संस्थालाई रु.दश हजार, द्वितीय हुने साझेदारलाई रु. आठ हजार र तृतीय हुने साझेदारहरुलाई छ हजार नगद पुरस्कार र प्रमाण पत्र  समारोहका प्रमुख अतिथी तथा पशुसेवा विभागका उपमहानिर्देशक डा.किशन चन्द ठकुरीज्यू द्वारा वितरण तथा बधाई शुभ कामना मन्तव्य व्यक्त गर्नु भयो।

(१) पुरस्कृत साझेदारहरुको विवरण :

| क.सं. | विधा | उत्कृष्ट साझेदार संस्थाको नाम र ठेगाना | प्राप्त गरेको स्थान |
|---|---|---|---|
| १ | उन्नत गाईभैंसी स्रोत केन्द्र संचालन | लुम्बिनी एग्रो प्रोडक्ट्स एण्ड रिसर्च सेन्टर तिलोत्तमा न.पा. १८, रुपन्देही | प्रथम |
| | | अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लि.भरतपुर न.पा.२१, चितवन | द्वितीय |
| | | राजदेवी महिला पशुपालन सहकारी सं.लि.उमाप्रेमपुर, धनुषा | तृतीय |
| २ | उत्पादनशिल वकेर्नो/थारा भैसी संरक्षण केन्द्र संचालन | सिता कुण्ड दुग्ध उ.स.सं.लि. रामपुर न.पा.७, पाल्पा | प्रथम |
| | | कोशी कृषि फर्म इटहरी उ.न.पा.१९, सुनसरी | द्वितीय |
| | | थानी महांकाल नमूना पशु पालन फार्म ढुंगखर्क २ काभ्रेपलाञ्चोक | तृतीय |
| ३ | मासुका लागि पाडा हुर्काउने केन्द्र संचालन | फरेष्ट एण्ड इन्भायरोमेन्टल डेभलपमेन्ट कम्पनी प्रा.लि. बराहक्षेत्र ४ सुनसरी | प्रथम |
| | | शान्ति भैंसी तथा पाडापाडी पालन फार्म भीमदत्त न.पा १५, कञ्चनपुर | द्वितीय |
| | | वृन्दावन एकिकृत पशु तथा माछापालन केन्द्र विश्रामपुर ८, रौतहट | तृतीय |

पुरस्कार वितरण समारोहमा लुम्बिनी एग्रो प्रोडक्ट्स एण्ड रिसर्च सेन्टर तिलोत्तमा न.पा. १८, रुपन्देही का प्रोपराइटर श्री शसी पौडेलज्यू, अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लि.भरतपुर न.पा.२१, चितवन का अध्यक्ष श्री भगीरथ तिमिल्सीनाज्यू, राजदेवी महिला पशुपालन सहकारी सं.लि.उमाप्रेमपुर,धनुषा का अध्यक्ष श्री शान्ति देवी महतोज्यू, सिता कुण्ड दुग्ध उ.स.सं.लि. रामपुर न.पा.७, पाल्पा का सचिव श्री कृष्ण कुमार अर्यालज्यू, कोशी कृषि फर्म इटहरी उ.न.पा.१९, सुनसरी का प्रोपराइटर श्री सूर्य साह, थानी महांकाल नमूना पशुपालन फार्म ढुंगखर्क २ काभ्रेपलाञ्चोक का प्रोपराइटर श्री वेद प्रसाद तिमिल्सीनाज्यू, शान्ति भैंसी तथा पाडापाडी पालन फार्म भीमदत्त न.पा १५, कञ्चनपुर का प्रोपराइटर श्री गौरी दत्त जोशीज्यू र वृन्दावन एकिकृत पशु तथा माछापालन केन्द्र

विश्रामपुर ८, रौतहटका प्रोपराइटर श्री प्रेमलाल प्रसाद राउतज्यूले मन्तव्य तथा आफ्नो फार्मको अवस्था बारे प्रस्तुतीकरण गर्न भएको थियो ।

पुरस्कार वितरण समारोहका अध्यक्ष एवं पशु उत्पादन निर्देशनालयका कार्यक्रम निर्देशक श्री केशव अच्छमीज्यूले पुरस्कृत हुनुभएका साझेदारहरु सबैलाई बधाई र शुभकामना मन्तव्य दिदै समारोहको समापन गर्नु भयो ।

**(२) पुरस्कृत विधा सम्बन्धी विवरण :**

**(२.१)उन्नत गाईभैंसी श्रोत केन्द्र संचालन कार्यक्रम :**



देशमा बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध तथा दुग्धजन्य पदार्थको माग बढदै गै रहेको छ । जसले गर्दा हाल दुधालु गाई/भैसीपालन गर्न चाहने व्यवसायीहरुको संख्यामा समेत वृद्धि हुदै गै रहेको छ । यस अवस्थामा उन्नत नश्लका दुधालु गाई/भैसीहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि दुध तथा दुग्धजन्य पदार्थको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप कृषक समूह/समिति/सहकारी, रजिष्टर्ड निजी उद्यमी, कम्पनी, स्थानीय निकाय, गैर सरकारी संघ संस्थाहरुसंगको सहकार्यमा उन्नत गाई/भैसी श्रोतकेन्द्र विकास कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्ने व्यवस्था गरिएको छ ।

**(२.१.१)उद्देश्यहरु :** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो उन्नत नश्लको गाई/भैंसीपालन बाट उत्पादनशील र प्रजननयोग्य पशुहरुको उपलब्धता बढाउँदै लैजाने ।
२. उन्नत पशुहरुको संख्यामा वृद्धि गरि दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउने ।
३. स्वच्छ दुध उत्पादनका लागि आवश्यक पर्ने विभिन्न असल व्यवस्थापन विधिहरु अवलम्वन गराउन प्रेरित गर्दै दुध उत्पादन पेशालाई व्यवसायिक पेशामा रुपान्तरण गर्न सकिने वातावरण निर्माण गर्ने ।

## (२.१.२) उन्नत गाई भैंसी श्रोत केन्द्रहरुको विवरण :

| जिल्ला | संचालकको नाम | सम्पर्क नं. | पशु संख्या | उत्पादन क्षमता ( लि.)/वेत | नश्ल | कैफियत |
|---|---|---|---|---|---|---|
| मोरङ्ग | श्री यादप प्र.ढकाल | ९८४२०२६७५८ | ११७ | २१००–३६०० | जर्सि क्रस, होल्सटिन क्रस | |
| सप्तरी | श्री कृति प्र. तिवारी | ९८४२९२६१७५ | ८७० | ४२००–६६०० | ,, | |
| चितवन | श्री भगिरथ तिमिल्सीना | ९८४५०५४६९७ | ११० | ६६००–६९०० | ,, | |
| नवलपरासी | श्री गोपाल श्रेष्ठ | ९८४५०५१६३५ | १०२५ | ३६००–६६०० | ,, | |
| रुपन्देही | श्री शसि पौडेल | ९८५७०२५९८८ | ४०० | ३९००–४२०० | ,, | |
| दाङ्ग | श्री मिनराज अधिकारी | ९८५७८४०२७३ | १४६ | ३९००–५१०० | ,, | |
| कञ्चनपुर | श्री रघुवर प्र. लेखक | ९८४८८३६६९५ | १४४ | ३०००–६००० | ,, | |
| धनुषा | श्री श्याम कु.महतो | ९८४४०४७२८७ | २०३ | १२००–१५०० | मुर्रा क्रस | |
| सर्लाही | श्री सुरेश कार्की | ९८५४०३५४१८ | १५० | १५०० | ,, | सम्झौता अनुरुप कार्य नगरेकोले आ.व.०७२/७३ मा अनुदान प्राप्त गर्न नसकेको |
| कपिलवस्तु | श्री राजु वेल्वासे | ९८४९१३४२९० | २२० | १५००–१८०० | ,, | |

**(२.१.३) कार्यक्रम सञ्चालन जिल्लाहरु** : आ.व.०७०/७१ मा सप्तरी, चितवन, नवलपरासी, दाङ र कञ्चनपुर (गाई ) र आ.व.०७१/७२ देखि मोरङ र रुपन्देही (गाई )र धनुषा, सर्लाही, कपिलवस्तु (भैंसी )

**(२.१.४)उपलब्धी :**

उन्नत गाई भैंसी श्रोतकेन्द्र विकास कार्यक्रम : गाई–७ र भैंसी–३ श्रोत केन्द्रबाट उन्नत जातका करिब ७०० पाडापाडी तथा बाच्छाबाच्छी उत्पादन भएको करिब ३००० गाई संख्या र भैंसी संख्या ५०० श्रोत केन्द्रमा रहेको । गाईको दुध उत्पादन क्षमता २१००–६९०० लि./वेत र भैंसीको दुध उत्पादन क्षमता १२००–१८०० लि./वेत रहेको छ ।

## (२.२) उत्पादनशिल बकेर्नो / थारा भैसी संरक्षण कार्यक्रम



देशमा बढ्दो जनसंख्या एवं शहरीकरण संगै उपभोक्ताहरुमा क्रय शक्ति बृद्धि तथा पौष्टिक आहारा प्रति जनचेतना अभिवृद्धिको कारणले दुध तथा दुग्धजन्य पदार्थको माग दिनानुदिन बढदै गै रहेको छ । अर्को तर्फ उत्पादन क्षमता राम्रो भएका भैंसीहरु दुध थाके पछि अर्को बेतसम्म पनि नपर्खि अनियन्त्रित रुपले मासुको लागि बिक्रि गर्दा देशमा दुधालु भैंसीको संख्या घट्दो क्रममा रहेकोछ । यसले गर्दा व्यवसायीक रुपमा भैसीहरुको फार्म स्थापना गरी दुध उत्पादन गर्न चाहने कृषकहरुले दुधालु भैसी खरिद गर्न भैसीको श्रोतको अभाव देखिएकोले उन्नत जातको उत्पादनशिल वकेर्नो / थारा भैसीहरुको पनि संरक्षण गरी दुधालु भैसीहरुको सहज आपुर्ति गर्न निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाहरुसंगको सहकार्यमा उत्पादनशील थारा भैसी संरक्षण कार्यक्रम सन्चालनमा ल्याईएको छ ।

**(२.२.१) उद्देश्यहरु :** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. उन्नत नश्लका दुधालु भैसीहरुलाई दुध थाके पछि मासुको लागि बिक्रि गरिने प्रचलनलाई निरुत्साहीत गर्दै उत्पादनशिल बकेर्नो /थारा भैसीहरुको संरक्षण गर्ने ।
२. उत्पादनशील बकेर्नो /थारा भैसीहरुको संरक्षण गरी दुधालू भैसीको उपलब्धता बढाई दुधको उत्पादन वृद्धि गर्न सहयोग पु¥याउने ।
३. उत्पादनशिल बकेर्नो /थारा भैसीहरुको संरक्षणमा सचेतना तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।

**(२.२.२) कार्यक्रम सञ्चालन जिल्ला :** आ.व.०७०/७१ मा काभ्रे र आ.व.०७२/७३ देखि सुनसरी, धनकुटा, सिराहा, उदयपुर, सिन्धुली, कास्की, नवलपरासी, पाल्पा, स्याङजा, बर्दिया( सिन्धुली जिल्लामा आ.व.०७२/७३ मा प्रस्ताव नपरेकोले कार्यक्रम सञ्चालन नभएको ) प्रति केन्द्रमा न्यूनतम ५० माउ उत्पादनशिल बकेर्नो /थारा भैसीहरु भएको हुनु पर्ने निर्देशिकाले व्यवस्था गरेको छ ।

**(२.२.३) उपलब्धी :** यो कार्यक्रम १० जिल्लामा सम्पन्न भई करिव ५०० उत्पादनशील बकेर्नो भैंसी संरक्षण भई कटानमा जानबाट रोकिई आगामी वर्षमा ४०० मे.टन थप दुध उत्पादन तथा मासु उत्पादनमा समेत टेवा पुग्ने ।

**(२.३) मासु उत्पादनको लागि पाडा हुर्काउने कार्यक्रम**



देशमा जनसंख्या वृद्धि संगै दिनानुदिन बढदै गइरहेको स्वच्छ मासुको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाहरुसंगको सहकार्यमा मासु उत्पादनको लागि पाडा हुर्काउने कार्यक्रम सन्चालनमा ल्याईएको छ ।

**(२.३.१) उद्देश्यहरु** : यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

१.पाडाहरुको संकलन तथा पालन गरी मासुको माग आपुर्तिमा वृद्धि गर्ने ।

२.पाडाहरुको मासु उत्पादनका लागि आवस्यक पर्ने विभिन्न आयामहरुलाई अवलम्वन गराउन प्रेरित गर्दै पाडा हुर्काउने कार्यलाई व्यवसायिक पेशामा रुपान्तरण गर्ने ।

३.जन्मेका पाडाहरुलाई उचित संरक्षण एवं पालन गर्न भैंसीपालक कृषकहरुमा जनचेतना फैलाउने ।

**(२.३.२) कार्यक्रम संचालित जिल्लाहरु** : मासुको लागि पाडा हुर्काउने कार्यक्रम आ.व.०७०/७१ देखि सञ्चालन भई यस वर्ष १२ जिल्लामा (झापा, मोरङ, सुनसरी, सप्तरी, चितवन, काभ्रे, ललितपुर, नुवाकोट, धादिङ, कपिलवस्तु, दाङ र बर्दिया २० प्याकेज (२००० पाडा ), आ.व.०७१/७२ मा १२ जिल्लामा २० प्याकेज (२००० पाडा ), आ.व.०७२/७३ मा २९ जिल्लामा (झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, गुल्मी, अर्धाखाची, बाग्लुङ, पर्वत, तनहु, काभ्रे, ललितपुर, कपिलवस्तु, दाङ, बांके, बर्दिया, कैलाली, कञ्चनपुर र डडेल्धुरा ) ४२ प्याकेज (पुरानो १०० पाडाको प्याकेज ९ वटा र नयां ५० पाडाको प्याकेज ३३ वटा गरी ४२ प्याकेजमा पाडापालन),( **पर्सा र कैलाली जिल्लामा आ.व.०७२/७३ मा प्रस्ताव नपरेकोले कार्यक्रम सञ्चालन नभएको )**

**(२.३.३) उपलब्धी :** यस कार्यक्रमबाट करिव २ हजार भन्दा बढि पाडाहरु हुर्काई वार्षिक २४० मे.टन गुणस्तरीय मासु उत्पादन भएको छ ।

**प्रतिवेदक :** पशु विकास अधिकृत श्री बासुदेव नाथ, केन्द्रीय गाई भैंसी प्रवर्द्धन कार्यालय हरिहरभवन ललितपुर